## परिचय

सहकारी संघ/संस्थाहरु स्वायत्त आर्थिक सामाजिक इकाईहरु हुन् सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण सहकारीको मूल सिद्धान्त हो। निर्वाचन प्रजातान्त्रिक अभ्यासको आधार हो। सहकारी आन्दोलनको प्रारम्भदेखि नै नेपालमा सहकारी संघ/संस्थाहरुका पदाधिकारीहरुको निर्वाचन विना कुनै नियम निर्देशिकाको आधारमा सञ्चालन हुँदै आएको थियो। २०४७ सालमा भएको राजनीतिक परिवर्तन र प्रजातन्त्रको पुनर्स्थापनापछिको परिवर्तित परिप्रेक्ष्यमा सहकारी ऐन, २०४८ जारी भएपछि विभिन्न समितिहरुको पदाधिकारीहरुको निर्वाचन कार्यलाई व्यवस्थित गर्न निर्वाचन निर्देशिकाको आवश्यकता महसुश गरी सहकारी संघ/संस्थाहरुको निर्वाचन निर्देशिका २०४९ लागू गरिएको र हाल यसलाई थप परिमार्जनसहित प्रकाशन गर्ने काम भएको छ।

## उद्देश्य

नेपाल अधिराज्यमा संचालित सबै तहका सहकारी सहकारी संघ/संस्थाहरुका सञ्चालक सदस्य, प्रतिनिधि  र लेखा समितिका सदस्यहरुको निर्वाचन गराउन सरल होस् र सबै सहकारी संघ/संस्थाहरुमा गरिने निर्वाचन कार्यमा एकरुपता पनि होस् भन्ने यस निर्देशिकाको मूल उद्देश्य हो।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम सहकारी सहकारी संघ/संस्थाहरुका निर्देशिका २०४९ हुनेछ।

(२) यो निर्देशिका नेपाल अधिराज्यभरका सबै तहका सहकारी संघ/संस्थाका विभिन्न पदाधिकारीहरुको निर्वाचन को लागि प्रयोग गरिने छ





### २. परिभाषाः

(क) “विनियम” भन्नाले सम्बन्धित प्रारम्भिक सहकारी संस्था वा जिल्ला सहकारी संघ वा विषयगत सहकारी संघ वा केन्द्रीय सहकारी संघ वा राष्ट्रिय सहकारी संघको विनियमलाई समेत सम्भनु पर्छ।

(ख) “निर्वाचन” भन्नाले प्रारम्भिक सहकारी संस्था वा जिल्ला सहकारी संघ वा विषयगत सहकारी संघ वा केन्द्रीय सहकारी संघ वा राष्ट्रिय सहकारी संघका अध्यक्ष तथा उपाध्यक्ष लगायत सञ्चालक समितिका सदस्य वा प्रतिनिधि वा लेखा समितिका सदस्यहरुको निर्वाचन भन्ने सम्भनु पर्छ।

(ग) “निर्वाचन अधिकृत” भन्नाले सहकाकरी विभागको रजिष्ट्रार वा निजले तोकेको अधिकृत वा व्यक्तिलाई सम्भनु पर्दछ।

(घ) “मतदाता” भन्नाले प्रारम्भिक सहकारी संस्था, जिल्ला सहकारी संघ वा विषयगत सहकारी संघ वा केन्द्रिय सहकारी संघ वा राष्ट्रिय सहकारी संघका सदस्य वा प्रतिनिधि वा सञ्चालक समेतलाई सम्भनु पर्छ।

(ङ) “उम्मेदवार” भन्नाले विनियम बमोजिमका प्रारम्भिक सहकारी संस्था वा जिल्ला सहकारी संघ वा विषयगत सहकारी संघ वा केन्द्रिय सहकारी संघ वा राष्ट्रिय सहकारी संघका सञ्चालक समिति वा लेखा समितिका सदस्य वा प्रतिनिधिको निर्वाचनमा उमेदवार हुने व्यक्तिलाई सम्भनु पर्छ।

### ३. निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने :

सहकारी संघ/संस्थाको प्रतिनिधि वा सञ्चालक समिति वा लेखा समितिको पदाधिकारीहरुको निर्वाचनको लागि १५ दिन अगावै सम्बन्धित संघ/संस्थाको अन्तरिम कार्य समितिको बैठक बसी अनुसूची १ को ढाँचा अनुसार निर्वाचनको सूचना प्रकाशन गर्नु पर्दछ।

**४. मतदाता नामावली प्रकाशित गर्ने :**

(क) निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूची २ बमोजिमको ढाँचामा मतादाता नामावली प्रकाशित गर्नु र सो को मुचुल्का अनुसूची ३ को ढाँचा बमोजिम जारी राख्नु पर्छ छुटफुट भएको मतदाताको नाम थपघट गर्न छोटो अवधिको म्याद दिई थपघट गर्नु पर्छ सो गरी सच्याइएको अन्तिम नामावली पुन: प्रकाशित गर्नुपर्छ ।

(ख) निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनुपर्छ । निर्वाचन शुरु भएपछि प्रचार-प्रसार बन्द गर्नु पर्नेछ ।

**५. उम्मेदवारबाट दरखास्त लिने:**

(क) सहकारी संघ/संस्थाको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूची ४ बमोजिमको ढाँचामा रु. ५।- दस्तुर राखी उम्मेदवारको दरखास्त दिनुपर्छ ।

(ख) उम्मेदवारको लागि दरखास्त दिंदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(ग) मतदान अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची ५ बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नुपर्छ ।

(घ) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन छोटो अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नुपर्छ ।

**६. एक पदको लागि मात्र उम्मेदवार हुन पाउने : (कुनै एक व्यक्ति)**

एउटा निर्वाचनमा एकभन्दा बढी पदको लागि उम्मेदवार हुन पाउने छैन । साथै सञ्चालक समिति लगायत कुनै पनि समिति र उप-समितिको कुनै पदको निर्वाचनमा संघ/संस्थालाई तिर्नु बुझाउनु पर्ने बेरुजू भाखा नाघेको ऋण वा अन्य प्रकारको रकम रहेको व्यक्ति उम्मेदवार हुने सक्ने छैन । बैंक वा वित्तीय



सहकारी संघ/संस्थाहरुको निर्वाचन निर्देशिका २०४९, (परिमार्जन सहितको संशोधन २०६४)

संस्थाको ऋण चुक्ता नगरेवापत कालो सूचीमा परेको व्यक्ति समेत उमेदवार हुन सक्ने छैन ।

**७ मतपत्र:**

निर्वाचनका लागि अनुसूची ६ बमोजिमको ढाँचामा मतपत्र हुनेछ मतपत्रमा भएका कोठाहरु नपुग भएमा जति उम्मेदवारहरु हुन्छन् उति नै कोठा संख्या थप गर्दै लैजान सकिने छ ।

**८. मतदान केन्द्रमा प्रवेश निषेध:**

निर्वाचन अधिकृत र निजले तोकेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिलाई मतदानकेन्द्रमा प्रवेश निषेध गरिनु पर्छ ।

**९. सदर वा बदर मतपत्र:**

(क) मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नाम थर भएको कोठाभित्र पर्नेगरी रेजा लगाउनु पर्छ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी रेजा लगाई २ मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछ ।

(ग) एक उम्मेदवारको कोठामा रेजा लगाएको तर रेजा धर्काको टुप्पी दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

(घ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**१० प्रतिनिधि नियुक्त गर्न सक्ने:**

कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि सहकारी संघ/संस्थाका

सदस्यहरुमध्ये अनुसूची ७ बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

**११. मतपेटिकामा मतदान गर्ने :**

(क) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त रित्तो मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।

(ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

(ग) मतदातालाई एक व्यक्ति; एक मतको आधारमा मात्र मत दिन लगाउनु पर्छ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिन हुँदैन ।

(घ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्छ ।

(ङ) मतदान कार्य समाप्त भएपछि अनुसूची ८ को ढाँचा अनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

**१२. निर्वाचन परिणाम घोषित गर्नेः**

(क) निर्वाचनको परिणाम अनुसूची ९ बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्दछ ।

(ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्तगर्ने उम्मेदवारलाई विजयी घोषित गर्नुपर्छ ।

(ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नुपर्छ ।





**१३. गोलाहाली निर्णय गर्ने :**

मत गणनामा १ भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नुपर्छ ।

**१४. निर्विरोध घोषणा गर्ने :**

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले निर्विरोध विजयी भएको घोषित गर्नुपर्छ ।

**१५. परिचयपत्र दिनेः**

निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची १० बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्छ ।

१६. चित्त नबुझ्नेले उजुर गर्ने :

निर्वाचन अधिकृतद्वारा गराइएको निर्वाचनमा चित्त नबुझे ७ दिनभित्र सहकारी विभागको रजिष्ट्रार छेउ उजुर गर्न सकिने छ । सहकारी विभागको रजिष्ट्रारले गराएको निर्वाचन सम्बन्धमा ७ दिनभित्र सम्बन्धित मन्त्रालयका सचिव समक्ष उजुर गर्न सकिनेछ ।

१७. कागजपत्र पेश गर्नेः

मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान समबन्धी कागजातहरु

सम्बन्धीत संघ/संस्थाको कार्यालयमा पेश गर्नुपर्छ ।

# अनुसूची - १

## निर्वाचन कार्यक्रम

(निर्वाचन निर्देशिकाको दफा ३ सँग सम्बन्धित)

| सि. नं. | विवरण | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तिम नामावलीकावे प्रकाशन (मतदाता तथा उम्मेदवार) | | विहान ९ बजे | |
| २. | प्रचार प्रसारको लागि | सोही दिन | विहान ९-१० सम्म | |
| ३. | मतदान प्रारम्भ | सोही दिन | १०-१२ सम्म | |
| ४. | मतगणना प्रारम्भ | सोही दिन | १२-२ सम्म | |
| ५. | निर्वाचन परिणामको घोषणा | सोही दिन | २-३ सम्म | |
| ६. | निर्वाचित सदस्यहरुलाई परिचयपत्र दिने | सोही दिन | ३-४ सम्म | |

.................

निर्वाचन अधिकृत

सहकारी संघ/संस्था ......................

वडा नं. .................................

नगरपालिका/गाउँ विकास समिति........

जिल्ला..........................................

द्रष्टव्यः- माथिको कार्यक्रम नमूनाको लागि दिइएको हो। ठाउँ, समय र अवस्था हेरी निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम बनाउन सकिन्छ।





# अनुसूची - २

## मतदाता नामावली

(निर्वाचन निर्देशिकाको दफा ४(क) सँग सम्बन्धित)

.....................अञ्चल.........................जिल्ला...........न.पा./गा.वि.स. वडा नं.............सहकारी संस्था/संघ लि. .............

| सि.नं. | मतदाताको नाम थर | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |

......................

निर्वाचन अधिकृत

मितिः-

स्थानः-

सहकारी संघ/संस्था ..................

वडा नं. ...................................

नगरपालिका/गाउँविकास समिति......

जिल्ला.....................................

## अनुसूची -३

## मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा ४ सँग सम्बन्धित)

मिति ................सालमा हुने .............जिल्ला अन्तर्गत ..........................सहकारी संस्था/संघको सञ्चालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष- प्रतिनिधि। लेखा समितिको सदस्यको निर्वाचनको लागि .................सहकारी संस्था/संघ अन्तर्गतका मतदाता नामावली मिति ..............का दिन हाम्रो रोहवरमा ................ठाउँमा टाँसेको ठीक साँचो हो।

रोहवरको सही

१. ..............................

२. ..............................

३. ..............................

३. ..............................

४. .............................

नामावली टाँस गर्नेको सही..........

मिति....................................





## अनुसूची -४

## उम्मेदवारको दरखास्त

.(निर्वाचन निर्देशिकाको दफा(क) सँग सम्बन्धित)

मितिः-.................

श्री निर्वाचन अधिकृतज्यू

सहकारी संस्था/संघ

.........................

महोदय,

........................जिल्ला ......................गा.वि.स/न.पा.

........................................नं. वडामा बसोबास भएको म ......................२०.....................................सालमा हुने सहकारी संस्था/संघको सञ्चालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/प्रतिनिधि/लेखा समितिको सदस्यको पदमा उम्मेदवार हुन संस्थाको शेयर सदस्य/संचालक समितिको सदस्य/संघको प्रतिनिधि भएको नाताले रु ५।- दस्तुर संलग्न राखी यो दरखास्त पेश गर्दछु।

उम्मेदवारको विवरणः-

नाम थर..........................

स्त्री/पुरुष..........................

शेयर प्रमाणपत्र नं./प्रतिनिधिको प्रमाण.......

गा.वि.स.,वडा नं. र क्षेत्र.....................

दस्तखत..............................

प्रस्तावकको विवरणः- नाम थर..............................

उमेर ...............................

स्त्री/पुरुष..........................

पिता वा पतिको नाम ..........

दस्तखत............................

समर्थकको विवरणः- नाम थर ...........................

उमेर ............................

स्त्री वा पुरुष ................................

दस्तखत........................................

संस्था/संघको कुनै बाँकी वक्यौता हिनामिना नगरेको भन्ने दाम काम गर्ने व्यवस्थापक वा अन्य सदस्यद्वारा प्रमाणित पत्र संलग्न छ।





## अनुसूची - ५

### उम्मेदवारहरुको नामावली सूची

(निर्वाचन निर्देशिका दफा ५(ग) सँग सम्बन्धित)

..............................................सहकारी संस्था/संघको ..................पदको पूर्तिका लागि मिति......................हुने निर्वाचनमा उम्मेदवार हुन निम्नलिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | उम्मेदवारको नाम थर | उमेर | महिला/पुरुष | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मितिः-

निर्वाचन अधिकृत

सहकारी संघ/संस्था .................

वडा नं......................

नगरपलिका/गाउँ विकास समिति............

जिल्ला..............................

## अनुसूची - ६

### मतपत्र

(निर्वाचन निर्देशिकाको दफा ७ सँग सम्बन्धितं)

निर्वाचन हुने पदः-

| | |
|---|---|
| नाम थर | |
| नाम थर | |
| नाम थर | |
| नाम थर | |
| नाम थर | |
| नाम थर | |

.....................

निर्वाचन अधिकृत

सहकारी संघ/संस्था ..............

वडा नं. ....................

नगरपालिका/गाउँ विकास समिति........

जिल्ला..........................





## अनुसूची - ७

### मतदान तथा मतगणना प्रतिनिधिको नियुक्ति

(निर्वाचन निर्देशिकाको दफा १० सँग सम्बन्धित)

श्री .................

......................

........................जिल्ला...................गा.वि.स./न.पा. स्थिति................संघ/संस्था लि. को ......................समितिको अध्यक्ष/उपाध्यक्ष/सदस्य प्रतिनिधिको निर्वाचनमा म ........................................उम्मेदवार भएकोले सहकारी संघ संस्थाको निर्वाचन निर्देशिका २०४९ को दफा ९ बमोजिम तपाई श्री ...................................लाई मेरो मतदान तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्ति गरेको छ। तपाईले मेरो तर्फबाट उक्त निर्देशिकाको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम कारवाइमा मेरो मञ्जुरी छ।

मितिः- (सही...........................)

नाम........................ ...

ठेगाना ........................

उपरोक्त बमोजिम मतदान तथा मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछ।

मितिः- (सही...........................)

नाम........................ ...

ठेगाना ........................

बोधार्थ तथा कार्यार्थ

श्री निर्वाचन अधिकृतज्यू

..............................संघ/संस्था लि.

..............................जिल्ला

..............................गा.वि.स./न.पा.

यो नियुक्तिपत्रको बोधार्थ यस कार्यालयमा मेरो समक्ष दाखिल भएको हो ।

मितिः-

(सही...............................

मतदान अधिकृत





अनुसूची - ८

मतदान समाप्त भएको मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा ११(ङ) सँग सम्बन्धित)

...........................जिल्ला अन्तर्गत ................सहकारी संस्था/संघको संचालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/प्रतिनिधि/लेखा समितिको सदस्य पदमा भएको मतदान कार्य ..................बजे मिति..................मा शुरु भई ...................बजे सम्पन्न भएको ठीक साँचो हो ।

उम्मेदवार वा प्रतिनिधिहरुको सही

श्री...........................

श्री............................

श्री............................

श्री............................

श्री............................

श्री............................

.....................

निर्वाचन अधिकृत

# अनुसूची - ९

## मतगणना परिणाम मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा १२ सँग सम्बन्धित)

......................जिल्ला...................गा.वि.स./न.पा.स्थित ................सहकारी संघ/संस्था लि. को ..................समितिको ............................पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा ................मत मध्ये ..........................मत बदर भएको र .......................सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

२. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

३. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

स्थानः- निर्वाचन
अधिकृत

मितिः-



सहकारी संघ/संस्थाहरुको निर्वाचन निर्देशिका २०४९, (परिमार्जन सहितको संशोधन २०६४)

# अनुसूची - १०

## परिचय-पत्र

(निर्वाचन निर्देशिकाको दफा १५ सँग सम्बन्धित)

.........................जिल्ला...............................सहकारी संस्था/संघका श्री .............................मिति ...................मा भएको ..................पदको निर्वाचनमा .............................मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो परिचयपत्र प्रदान गरिएको छ ।

......................
निर्वाचन अधिकृत

.....................सहकारी संस्था/संघ
वडा नं. ..........
....................नगरपालिका/गा.वि.स.
.....................जिल्ला